# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५२) काठमाडौं, असार २४ गते २०५९ साल (अतिरिक्ताङ्क ३१(ख)

## भाग ३

### श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

#### मूल्य अभिवृद्धि कर (दोश्रो संशोधन) नियमावली, २०५९

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "मूल्य अभिवृद्धि कर (दोश्रो संशोधन) नियमावली, २०५९" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ मा संशोधन : मूल्य अभिवृद्धि कर नियमावली, २०५३ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ६ को,-

(क) उपनियम (१) को सट्टा देहायको उप नियम (१) राखिएको छ :-

"(१) नियम ३ मा जुनसुकै कुरा लेखिएको भएतापनि ऐनको दफा ९ मा उल्लेख भए बमोजिम विगत बाह्र महिनामा बीस लाख रुपैयासम्मको कारोवार गर्ने व्यक्तिले आफ्नो कारोवार दर्ता गराउनु पर्ने छैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

221

तर नेपाल अधिराज्यभित्र घरेलु उद्योगले स्वःप्रयोजनका लागि आफै पैठारी गर्ने देखि बाहेक अन्य कुनै पनि व्यक्ति, फर्म, कम्पनी वा उद्योगले एक पटकमा दश हजार रुपैयाँ भन्दा बढीको कर योग्य वस्तु पैठारी गर्दा आफ्नो कारोबार दर्ता गराउनु पर्नेछ।"

(ख) उपनियम (१) पछि देहायको उपनियम (१क.) थपिएको छ :-

"(१क.) कुनै आपूर्तिको खरीद, विक्री, मौज्दात र गोदाम छुट्टिन नसक्ने भएमा करको प्रयोजनको लागि कर अधिकृतले त्यस्तो आपूर्तिको खरीद, विक्री र मौज्दातलाई एउटै कारोवार सीमा मानी कर निर्धारण गरी असूलउपर गर्न सक्नेछ।"

२. मूल नियमावलीमा नियम ६क. थप : मूल नियमावलीको नियम ६ पछि नियम ६क. थपिएको छ :-

"६क. ठेक्का सम्वन्धी व्यवस्था : ठेक्का दिने सरकारी निकाय, सार्वजनिक संघ संस्था वा दर्ता भएको व्यक्तिले आफुले गरेको ठेक्का संझौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजश्व कार्यालयमा दिई करको भुक्तानी सम्बन्धित ठेकेदारलाई गर्नुपर्नेछ। सरकारी निकाय, सार्वजनिक संघ, संस्था वा दर्ता भएको व्यक्तिले वार्षिक बीस लाख रुपैयाँ भन्दा बढीको ठेक्कापट्टा दिंदा वा वार्षिक एक लाख रुपैयाँ भन्दा बढीको परामर्श सेवा लिंदा दर्ता भएको व्यक्ति संग मात्र दिनु लिनु पर्नेछ।"

३. मूल नियमावलीको नियम ७ मा संशोधन : मूल नियमावलीको नियम ७ को उपनियम (१) र (२) मा रहेका "दश लाख रुपैयाँ" भन्ने शब्दहरुको सट्टा "बीस लाख रुपैयाँ" भन्ने शब्दहरु राखिएका छन्।

४. मूल नियमावलीको नियम १७ मा संशोधन : मूल नियमावलीको नियम १७ को उपनियम (२) पछि देहायका उपनियम (३), (४) र (५) थपिएका छन् :-

"(३) खुद्रा विक्रेताले स्थायी लेखा नम्बर नभएका व्यक्तिलाई जतिसुकै रकमको वस्तु वा सेवा आपूर्ति गर्दा कर छुट्टै नदेखाई लाग्ने कर समेत मूल्यमा गाभी अनुसूची ५क. बमोजिमको ढाँचामा एक मुष्ठ रकमको कर विजक जारी गर्नु पर्नेछ। स्थायी लेखा नम्बर भएका प्रापकले पचास हजार रुपैयाँ सम्मको वस्तु वा सेवा आपूर्ति गर्दा प्राप्त गरेको विजकमा निजको नाम, ठेगाना र स्थायी लेखा नम्बर उल्लेख गरेको भए कर कट्टी सुविधा पाउनेछ। यस्तो विजकबाट करको कूल अंक निकाल्ने तरिका नियम १८ को उपनियम (७) मा उल्लेख भए बमोजिम हुनेछ।

तर पचास हजार रुपैयाँ भन्दा बढीको आपूर्तिमा दर्ता भएका व्यक्तिलाई र ऐनको दफा २५ बमोजिम कर फिर्ता पाउने व्यक्ति वा संस्थालाई उपनियम (१) बमोजिमको विजक जारी गर्नु पर्नेछ।

(४) कर लाग्ने बस्तु वा सेवाको कारोवार गर्ने सबै विक्रेताले आफ्नो तथा प्रापकको नाम, ठेगाना, स्थायी लेखा नम्बर, मिति र सिलसिलेवार नम्बर सहितको विजक जारी गर्नुपर्नेछ। उत्पादक तथा आयातकर्ताले प्रापकको नाम, स्थायी लेखा नम्वर र ठेगाना स्पष्ट उल्लेख नगरी विजक जारी गरेमा यस्तो विक्रीलाई प्रचलित बजार मूल्यमा खुद्रा विक्री गरे सरह मानिने छ।

तर प्रापकको स्थायी लेखा नम्बर नभए विजकमा स्थायी लेखा नम्बर उल्लेख गर्नु पर्ने छैन।

(५) एक पटकमा दश हजार रुपैयाँ भन्दा बढी मूल्य पर्ने कर लाग्ने बस्तुको मौज्दात ओसार पसार गर्दा वा दर्ता नभएको व्यक्तिलाई बिक्री गरिएको वस्तु ओसार पसार गर्दा कर अधिकृतको निस्सा भएको विजक सहित ओसार पसार गर्नुपर्नेछ। यस्तो निस्सा करदाताले दर्ता भएको कार्यालय वा शाखा रहेको कार्यालयबाट प्राप्त गर्न सक्नेछ। दर्तावाला करदाताहरु बीच हुने आपूर्तिमा भने यस्तो निस्सा आवश्यक पर्ने छैन।"

५. मूल नियमावलीको नियम १८ मा संशोधन : मूल नियमावलीको नियम १८ को उप नियम (६) मा रहेका "पाँच सय रुपैयाँ" भन्ने शब्दहरुको सट्टा "पाँच हजार रुपैयाँ" भन्ने शब्दहरु राखिएका छन् र सोही उपनियममा देहायको प्रतिवन्धात्मक वाक्यांश थपिएको छ :-

"तर विभाग वा कार्यालयबाट क्यास मेसिन वा कम्प्यूटरको सफ्टवेयरबाट विजक जारी गर्न स्वीकृति प्राप्त गरेको दर्ता भएका व्यक्तिले अनुसूची-५ बमोजिम को ढाँचामा विजक जारी गर्न सक्नेछ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. मूल नियमावलीको नियम २६ मा संशोधन : मूल नियमावलीको नियम २६ को, -

(क) उप नियम (३) मा रहेका "दश लाख रुपैयाँ" भन्ने शब्दहरुको सट्टा "वीस लाख रुपैयाँ" भन्ने शब्दहरु राखिएका छन् ।

(ख) उप नियम (३) पछि देहायको उप नियम (३क.) थपिएकोछ :-

"(३क.) होटल तथा पर्यटन व्यवसायीले चाहेमा विभागले विवरण पेश गर्ने कर अवधि दुई महिना कायम गर्न सक्नेछ ।"

७. मूल नियमावलीको नियम ४७ मा संशोधन : मूल नियमावलीको नियम ४७ को सट्टा देहायको नियम ४७ राखिएकोछ :-

"४७ ब्याजको दर : ऐनको दफा २४ को उपदफा (५) को प्रयोजनकोलागि श्री ५ को सरकारले दिने ब्याजको दर वार्षिक पन्ध्र प्रतिशत हुनेछ । यस्तो ब्याज रकम ऐनको दफा २४ को उपदफा (३) र (४) वमोजिम फिर्ता माग गरेको मितिले साठी दिनपछि मात्र गणना गरिनेछ ।"

८. मूल नियमावलीको नियम ५० मा संशोधन : मूल नियमावलीको नियम ५० मा रहेका "हुने व्यवस्था गर्न श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोक्न सक्नेछ" भन्ने शब्दहरुको सट्टा "हुनेछ" भन्ने शब्द राखिएकोछ ।



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची ५क
(नियम १७(३) संग सम्बन्धित)
कर विजकको ढाँचा

विजक नम्बर ☐☐☐☐☐☐ कारोवार मिति : / /

विक्रेताको दर्ता नम्बर : विजक जारी भएको मिति : / /

विक्रेताको नाम :

ठेगाना :

क्रेताको नाम :

क्रेताको ठेगाना :

क्रेताको दर्ता नम्बर :

भुक्तानीको तरिका : नगद / चेक / उधारो / अन्य

| सि.नं. | विवरण | परिमाण | प्रति इकाई मूल्य रु. | जम्मा मूल्य रु. |
|---|---|---|---|---|
| | | | | |
| | | कूल जम्मा | | |
| | | ......प्रतिशतले छुट | | |
| | | जम्मा | | |

विक्रेताको सही :
नाम र ठेगाना :

आज्ञाले,
डा. विमलप्रसाद कोइराला
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार